# मतदान स्थल तथा मतदान केन्द्र निर्धारण कार्यविधि, २०८१

**आयोगबाट स्वीकृत मितिः २०८१/१२/०५**

प्रस्तावनाः निर्वाचनमा मतदाताले मतदान गर्ने र मतदान स्थलसम्म आवागमन गर्ने कार्यमा सहजता, सुरक्षा र सुविधा हुने गरी पहुँच र पूर्वाधारका दृष्टिले उपयुक्त स्थानमा मतदान स्थल तथा मतदान केन्द्र निर्धारण गर्न आवश्यक भएकोले निर्वाचन आयोग ऐन, २०७३ को दफा ५० ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "मतदान स्थल तथा मतदान केन्द्र निर्धारण कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

(क) "आयोग" भन्नाले नेपालको संविधानको धारा २४५ बमोजिमको निर्वाचन आयोग सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले निर्वाचन आयोग ऐन, २०७३ को दफा १६ बमोजिम स्थापना भएको प्रदेश निर्वाचन कार्यालय वा जिल्ला निर्वाचन कार्यालय सम्झनु पर्छ।

(ग) "जिल्लामा क्रियाशील राजनीतिक दल" भन्नाले कानून बमोजिम आयोगमा दर्ता भएको, जिल्लामा संरचना र कार्य समिति भएको, दलको अद्यावधिक विवरण सम्बन्धित कार्यालयमा उपलब्ध गराउने राजनीतिक दल सम्झनु पर्छ।

(घ) "दल" भन्नाले नेपालको संविधानको धारा २६९ तथा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ बमोजिम आयोगमा दर्ता कायम भएको राजनीतिक दल सम्झनु पर्छ।

(ङ) "नगरपालिका" भन्नाले महानगरपालिका र उपमहानगरपालिका समेत सम्झनु पर्छ।

(च) "मतदाता" भन्नाले प्रचलित संघीय कानून बमोजिम अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको व्यक्ति सम्झनु पर्छ।

(छ) "मतदान केन्द्र" भन्नाले निर्वाचनमा मतदान गर्ने प्रयोजनको लागि प्रचलित संघीय कानून बमोजिम स्थापना गरिएको मतदान केन्द्र सम्झनु पर्छ र सो शब्दले मतदान उपकेन्द्रलाई समेत जनाउँछ।

(ज) "मतदान स्थल" भन्नाले निर्वाचनमा मतदान गर्नका लागि आयोगले तोकेको स्थान सम्झनु पर्छ र सो शब्दले मतदान गर्ने स्थानले ओगटेको क्षेत्र वा मतदान परिसरलाई समेत जनाउँछ।

(झ) "वडा" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएको गाउँपालिका र नगरपालिकाको वडा सम्झनु पर्छ।

(ञ) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका र जिल्ला सभालाई सम्झनु पर्छ।

## परिच्छेद-२

## मतदान स्थल तथा मतदान केन्द्र निर्धारणका आधार र मापदण्ड

३. **मतदान स्थल तथा मतदान केन्द्र निर्धारणका आधारः** मतदान स्थल तथा मतदान केन्द्रको निर्धारण देहायका आधारमा गरिनेछ :-

(क) मौजुदा मतदान स्थल तथा मतदान केन्द्र,

(ख) मतदाताको सङ्ख्या,

(ग) यातायातको सुविधा, पहुँचको सुगमता तथा वैकल्पिक मार्गको उपलब्धता,

(घ) भवन, शौचालय, खानेपानी, विद्युत, टेलिफोन, इन्टरनेट आदि पूर्वाधारको अवस्था,

(ङ) सुरक्षा प्रबन्ध,

(च) उपयुक्त भौगोलिक अवस्थिति र पर्याप्त समथर सार्वजनिक स्थान,

(छ) मतदान स्थलमै मतगणनाको प्रबन्ध गर्न सकिने सम्भावना,

(ज) निर्वाचनका सरोकारवालाको सहमति।

४. **मतदान स्थल निर्धारण सम्बन्धी मापदण्डः** मतदान स्थल निर्धारण गर्दा दफा ३ को अधीनमा रही देहायका मापदण्ड बमोजिम गर्नु पर्नेछ :-

(क) गाउँपालिका वा नगरपालिकाको एक वडामा कम्तीमा एउटा मतदान स्थल राख्ने,

(ख) एउटै वडामा एकभन्दा बढी मतदान स्थल कायम गर्नुपर्ने भएमा सम्बन्धित वडा र जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिबाट प्राप्त विवरणका आधारमा निर्धारण गर्ने,

(ग) मतदान स्थल निर्धारण गर्दा सामान्यतया शहरी क्षेत्रमा एकतर्फी दुई कि.मी. भन्दा टाढा र ग्रामीण क्षेत्रमा एकतर्फी चार कि.मी. भन्दा टाढा नपर्ने गरी निर्धारण गर्ने,

(घ) खण्ड (ग) बमोजिमको दूरीभित्र एकभन्दा बढी मतदान स्थल रहेका तर त्यस्तो स्थल अर्को स्थलमा गाभी वा अन्यत्र सारी एक मतदान स्थल मात्र कायम गर्न सकिने सम्भावना भए उपयुक्त एक स्थानलाई मात्र मतदान स्थल निर्धारण गर्ने,

(ङ) मतदान स्थल निर्धारण गर्दा अन्तर्राष्ट्रिय सीमानाबाट कम्तीमा एक कि.मी. टाढाको दूरीमा पर्ने गरी निर्धारण गर्ने र सम्भव भएसम्म अन्य देशको मार्ग प्रयोग गरी जानुपर्ने स्थानमा मतदान स्थल निर्धारण नगर्ने,

(च) साविकमा कायम रहेको कुनै मतदान स्थलको भौतिक संरचना जीर्ण वा अपर्याप्त भई मतदानमा समस्या हुने भएमा वा सुविधा वा सुरक्षाका दृष्टिकोणले समेत उपयुक्त नभएमा यथासक्य सबै मतदातालाई पायक पर्ने गरी सोही वडाभित्र अर्को मतदानस्थल छनौट गरी मतदान स्थल सार्ने,

(छ) खण्ड (च) बमोजिम सबै मतदातालाई सार्न सम्भव नभएमा मापदण्ड विपरीत नहुने गरी आंशिक मतदातालाई अर्को उपयुक्त मतदान स्थलमा सार्ने र यसरी आंशिक मतदातालाई सार्दा मतदाताको मतदाता नम्बर अनिवार्य रूपमा उल्लेख गर्ने,

(ज) साविकमा मतदान स्थल रहेको सामुदायिक विद्यालय खारेज भएमा वा अन्य विद्यालयमा गाभिएमा साविकको विद्यालय वा नजिकको अर्को उपयुक्त स्थानमा मतदान स्थल तोक्ने,

(झ) खण्ड (घ), (ङ), (च), (छ) र (ज) बमोजिमको अवस्था बाहेक साविकका मतदान स्थललाई यथावत कायम गर्ने,

स्पष्टीकरणः साविकमा कायम भएका मतदान स्थलको भौगोलिक सूचना प्रणाली (Geographical Information System–GIS) सम्बन्धी विवरण लिइएको, अपाङ्गमैत्री र्‍याम्प निर्माण गरिएको, मतदान स्थल तथा मतदान केन्द्रमा उपलब्ध भौतिक पूर्वाधारको विवरण समेटी निर्वाचन नक्सा प्रकाशन गरिएको र राजनीतिक दलका प्रतिनिधि रहेको समितिको सिफारिसका आधारमा निर्धारण गरिएको हुँदा अन्यत्र गाभ्नुपर्ने अवस्थामा बाहेक सम्भव भएसम्म साविककै स्थानमा कायम गर्ने,

(ञ) अनुसूची-१ बमोजिमको मतदान केन्द्रको नमूना संरचना बमोजिम आवश्यक सङ्ख्यामा मतदान केन्द्र निर्माण गर्न पर्याप्त स्थान उपलब्ध हुने गरी मतदान स्थल तथा मतदान केन्द्र छनौट गर्ने,

(ट) मतदान स्थल तोक्दा सम्भव भएसम्म खुल्ला स्थान (चौर, मैदान, प्राङ्गण आदि) तथा धार्मिक स्थलमा नतोक्ने,

तर त्यस्तो कुनै स्थानमा मतदान स्थल तोक्नुपर्ने भएमा मतदानको लागि मतदान केन्द्र निर्माण गर्दा आवश्यक पर्ने थप सामग्रीका सम्बन्धमा कैफियत महलमा स्पष्ट खुलाउनु पर्नेछ।

(ठ) सम्भव भएसम्म आवतजावत गर्ने वैकल्पिक मार्ग समेत भएको स्थानलाई मतदान स्थल तथा मतदान केन्द्र तोक्ने।

५. **<u>मतदान केन्द्र निर्धारण सम्बन्धी मापदण्ड</u>** : दफा ४ को अधीनमा रही निर्धारण गरिएका मतदान स्थलमा रहने मतदान केन्द्र निर्धारण गर्दा देहायका मापदण्ड बमोजिम गर्नुपर्नेछ :-

(क) सामान्यतया एक हजारसम्मको सङ्ख्याका मतदाताको लागि एउटा मतदान केन्द्र तोक्ने,

(ख) कुनै मतदान स्थलमा एक हजारभन्दा बढी मतदाता रहेका भए सोही स्थलमा सामान्यतया प्रति हजार मतदाताका लागि एक मतदान केन्द्रका दरले मतदान केन्द्र थप कायम गर्दै जाने,

तर एउटै मतदान स्थलमा सात वटाभन्दा बढी मतदान केन्द्र नहुने गरी मतदान केन्द्र निर्धारण गर्नु पर्नेछ।

(ग) जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिबाट प्राप्त सिफारिस तथा विवरणका आधारमा आयोगले कुनै एक मतदान स्थलभित्र कायम हुने मतदान केन्द्रको सङ्ख्या निर्धारण गर्ने र यसरी निर्धारण गरिएका मतदान केन्द्रको नाम र

ठेगाना क्रमशः पहिलो (क) मतदान केन्द्र, दोस्रो (ख) मतदान केन्द्र, तेस्रो (ग) मतदान केन्द्र गर्दै नामाकरण गर्ने,

(घ) खण्ड (ग) बमोजिम निर्धारण भएको मतदान केन्द्रमा समावेश हुने मतदाताहरूको विवरण आयोगको सचिवालयले तयार गरी आयोगमा पेश गर्ने,

(ङ) अन्तिम मतदाता नामावली अनुसार कायम हुने मतदाता सङ्ख्या, आयोगले निर्धारण गरेको मतदान प्रक्रिया, मतदानमा प्रयोग हुने प्रविधिको आधारमा कुनै मतदान स्थलमा कायम हुने मतदान केन्द्रको अन्तिम सङ्ख्या आयोगले निर्धारण गर्ने।

## परिच्छेद—३

## मतदान स्थल तथा मतदान केन्द्र निर्धारण सम्बन्धी संस्थागत व्यवस्था

६. **मतदान स्थल तथा मतदान केन्द्र निर्धारण समन्वय समितिः** (१) मतदान स्थल तथा मतदान केन्द्र निर्धारण गर्ने कार्यको रेखदेख, समन्वय र निर्देशनका लागि देहाय बमोजिमको मतदान स्थल तथा मतदान केन्द्र निर्धारण समन्वय समिति रहनेछ :-

(क) निर्वाचन आयुक्त (सम्बन्धित विषय हेर्ने) —संयोजक

(ख) सचिव, आयोग —सदस्य

(ग) सचिव, गृह मन्त्रालय —सदस्य

(घ) सचिव, अर्थ मन्त्रालय —सदस्य

(ङ) सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय —सदस्य

(च) सचिव, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय —सदस्य

(छ) महाशाखा प्रमुखहरू, आयोग —सदस्य

(ज) शाखा प्रमुख, मतदाता नामावली तथा निर्वाचन सञ्चालन शाखा — सदस्य सचिव

(२) समितिको बैठक आवश्यकतानुसार बस्नेछ।

(३) समितिको बैठकमा आवश्यकतानुसार विषय विज्ञ वा कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ।

(४) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

७. **मतदान स्थल तथा मतदान केन्द्र निर्धारण समन्वय समितिको काम, कर्तव्य र अधिकार :** मतदान स्थल तथा मतदान केन्द्र निर्धारण समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) मतदान स्थल तथा मतदान केन्द्र निर्धारण कार्यको अनुगमन एवम् समन्वय गर्ने,

(ख) मतदान स्थल तथा मतदान केन्द्र निर्धारण सम्बन्धमा भएका कार्यको प्रगति समीक्षा गर्ने,

(ग) कार्य प्रगतिको समीक्षाका आधारमा जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समिति तथा कार्यालयलाई आवश्यक निर्देशन दिने,

(घ) मतदान स्थल तथा मतदान केन्द्र सिफारिस सम्बन्धमा विवाद भएमा समाधान गर्ने,

(ङ) जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिबाट प्राप्त मतदान स्थल तथा मतदान केन्द्र निर्धारण सम्बन्धी सिफारिस बमोजिमको एकीकृत विवरण विश्लेषण गरी स्वीकृतिका लागि आयोगमा सिफारिस गर्ने,

(च) आयोगले तोकेका अन्य कार्य गर्ने।

८. **<u>जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समिति</u>** : (१) जिल्लाभित्र रहने मतदान स्थल तथा मतदान केन्द्र निर्धारणका लागि सिफारिस गर्न देहाय बमोजिमको जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समिति रहनेछ :-

| | |
|---|---|
| (क) प्रमुख जिल्ला अधिकारी | -संयोजक |
| (ख) जिल्लामा क्रियाशील राजनीतिक दलका जिल्ला प्रमुख वा प्रतिनिधि | -सदस्य |
| (ग) जिल्ला समन्वय अधिकारी | -सदस्य |
| (घ) जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरू | -सदस्य |
| (ङ) प्रदेश वा जिल्ला निर्वाचन अधिकारी | -सदस्य सचिव |

(२) समितिको बैठक आवश्यकतानुसार बस्नेछ।

(३) समितिको बैठकमा सम्बन्धित नगरपालिकाका प्रमुख वा गाउँपालिकाका अध्यक्षलाई अनिवार्यरूपमा आमन्त्रण गर्नुपर्नेछ।

(४) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

९. **<u>जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिको काम, कर्तव्य र अधिकार</u>** : जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) मतदान स्थल तथा मतदान केन्द्र निर्धारण गर्ने सम्बन्धमा दल, स्थानीय तह र अन्य सरोकारवालासँग समन्वय गर्ने,

(ख) वडा मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिबाट प्राप्त सिफारिस उपर छलफल तथा निर्णय गरी जिल्लाभित्र कायम गर्नुपर्ने मतदान स्थल तथा मतदान केन्द्र सम्बन्धी एकीकृत विवरण तयार गरी सिफारिससहित आयोगमा पठाउने,

(ग) खण्ड (ख) बमोजिमको विवरण आयोगमा पठाउँदा सम्भव भएसम्म भौगोलिक सूचना प्रणाली अनुरूपको निर्देशाङ्क (कोओर्डिनेट) सम्बन्धी विवरण समेत पठाउने,

(घ) समन्वय समितिले तोकेका अन्य कार्य गर्ने।

१०. **<u>जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिका पदाधिकारीको जिम्मेवारी:</u>** (१) दफा ८ को उपदफा (१) को खण्ड (क) बमोजिमको समितिको संयोजकको जिम्मेवारी देहाय बमोजिम हुनेछ :-

(क) मतदान स्थल तथा मतदान केन्द्र तोक्ने कार्यको संयोजन र समन्वय गर्ने,

(ख) जिल्लास्तरका दल र स्थानीय तहबीच समन्वय गर्ने,

(ग) मतदान स्थल तथा मतदान केन्द्र तोक्ने सम्बन्धमा स्थलगत अध्ययनको आवश्यकता परेमा स्थानीय तहका पदाधिकारीसँग समन्वय गरी समितिका पदाधिकारी वा कर्मचारीको टोली खटाई अध्ययन गर्ने गराउने,

(घ) आयोगबाट थप निर्देशन प्राप्त भएमा सो बमोजिम गर्ने,

(ङ) आयोगले तोकेको समयभित्र मतदान स्थल तथा मतदान केन्द्र तोक्ने विषयमा निर्णय सहित कार्यालयमार्फत आयोगमा सिफारिस गर्ने।

(२) दफा ८ को उपदफा (१) को खण्ड (ग) बमोजिमको समितिको सदस्यको जिम्मेवारी देहाय बमोजिम हुनेछ :-

(क) स्थानीय तह र जिल्लास्थित अन्य कार्यालयसँग समन्वय गरी जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिलाई आवश्यक विवरण वा जानकारी उपलब्ध गराउने,

(ख) समितिलाई आवश्यक अन्य सहयोग उपलब्ध गराउने।

(३) दफा ८ को उपदफा (१) को खण्ड (घ) बमोजिमको समितिको सदस्यको जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) मतदान स्थल तथा मतदान केन्द्र तोक्नको लागि प्रस्तावित स्थान सुरक्षाको दृष्टिले उपयुक्त छ छैन भन्ने सम्बन्धमा समितिलाई आवश्यक सूचना तथा अन्य जानकारी उपलब्ध गराउने,

(ख) स्थलगत अध्ययनका लागि कर्मचारीको टोली खटिनुपर्ने अवस्थामा आवश्यकतानुसार सुरक्षा प्रबन्ध मिलाउने,

(ग) शान्ति सुरक्षाको प्रबन्ध मिलाउने।

(४) दफा ८ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको समितिको सदस्य सचिवको जिम्मेवारी देहाय बमोजिम हुनेछ :-

(क) जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिका संयोजकसँग परामर्श गरी समितिको बैठक बोलाउने,

(ख) आयोगबाट प्राप्त मौजुदा मतदान स्थल तथा मतदान केन्द्रको सूची (मतदाता सङ्ख्यासहित) जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिका सदस्यलाई उपलब्ध गराउने,

(ग) मतदान स्थल तथा मतदान केन्द्र तोक्ने आधार र मापदण्ड तथा अन्य व्यवस्थाका सम्बन्धमा समितिका पदाधिकारी र दललाई जानकारी गराउने,

(घ) मतदान स्थल तथा मतदान केन्द्र निर्धारण गर्ने सम्बन्धमा स्थलगत अध्ययनको लागि आफैं खटिनु परेमा वा कुनै कर्मचारी वा कर्मचारीको टोली खटाउनु परेमा संयोजकसँग परामर्श गरी आवश्यक व्यवस्था मिलाउने,

(ङ) समितिको बैठकको निर्णय पुस्तिका तयार गरी अभिलेख सुरक्षितसाथ राख्ने,

(च) जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिको बैठकको निर्णय तथा अनुसूची फारामहरू प्रमाणित गरी आयोगमा पठाउने,

(छ) जिल्लाभित्रका विद्यालयको नाम, ठेगाना र भौगोलिक अवस्थासहितको विवरण सङ्कलन गरी आवश्यकतानुसार समितिमा पेश गर्ने,

(ज) साविकका कुनै मतदानस्थलका भवन, मैदान वा पूर्वाधारमा भूकम्प तथा बाढी पहिरोबाट क्षति भएको भए हालको अवस्था सम्बन्धी विवरण सङ्कलन गरी आवश्यकतानुसार समितिमा पेश गर्ने,

(झ) वडा मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिबाट सिफारिस भई आएका विवरणहरू छलफलका लागि समितिमा पेश गर्ने,

(ञ) आयोगको निर्देशन बमोजिम अन्य कार्य गर्ने।

११. **<u>वडा मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समिति</u>** : (१) वडाभित्र रहने मतदान स्थल तथा मतदान केन्द्र निर्धारणका लागि सिफारिस गर्न देहाय बमोजिमको वडा मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समिति रहनेछ।

| | |
|---|---|
| (क) वडा अध्यक्ष (वडाध्यक्ष पद रिक्त रहेको अवस्थामा उक्त पदको कामकाज गर्न तोकिएको व्यक्ति) | -संयोजक |
| (ख) वडाभित्र मतदान स्थल रहेका विद्यालय/संस्थाको प्रमुख वा प्रतिनिधि | - सदस्य |
| (ग) महिला वडा सदस्य | - सदस्य |
| (घ) वडा सचिव | - सदस्य सचिव |

(२) समितिको बैठक आवश्यकतानुसार बस्नेछ।

(३) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१२. **<u>वडा मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिको काम कर्तव्य र अधिकार</u>** : वडा मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) वडाभित्रका मतदान स्थल तथा मतदान केन्द्रको अध्ययन अवलोकन गर्ने,

(ख) वडाभित्रका मतदान स्थल तथा मतदान केन्द्रमा मतदान गर्ने मतदाताको पहिचान गर्ने,

(ग) मतदान स्थल तथा मतदान केन्द्र निर्धारण गर्ने सम्बन्धमा दल, स्थानीय तह र अन्य सरोकारवालासँग समन्वय गर्ने,

(घ) वडाभित्रका मतदान स्थल तथा मतदान केन्द्रको नाम र विवरणमा रहेको त्रुटि सच्याउनु पर्ने भएमा वा वडाभित्र नयाँ मतदान स्थल थप्नु पर्ने वा साविकमा रहेका मतदान स्थल हटाउनु पर्ने वा गाभ्नुपर्ने वा एक मतदान स्थलमा रहेका मतदातालाई अर्को मतदान स्थलमा सार्नुपर्ने भएमा कारण खुलाई प्रमाण संलग्न गरी कार्यालयमार्फत् जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समिति समक्ष सिफारिस गर्ने,

(ङ) मतदान स्थल तथा मतदान केन्द्र निर्धारण गर्ने सम्बन्धमा आयोग, कार्यालय वा जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिलाई आवश्यक सहयोग गर्ने,

(च) आयोगको निर्देशन बमोजिमका अन्य कार्य गर्ने।

१३. <u>वडा मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिका पदाधिकारीको जिम्मेवारीः</u> (१) दफा ११ को उपदफा (१) को खण्ड (क) बमोजिमको समितिको संयोजकको जिम्मेवारी देहाय बमोजिम हुनेछ :-

(क) वडाभित्रका मतदान स्थल तथा मतदान केन्द्र सिफारिस गर्ने कार्यको संयोजन र समन्वय गर्ने,

(ख) मतदान स्थल थप्ने, हटाउने, गाभ्ने वा सार्ने निर्णय गर्नुपर्दा उक्त निर्णयबाट प्रभावित हुने मतदातालाई जानकारी गराउने व्यवस्था मिलाउने,

(ग) आयोगले तोकेको समयभित्र मतदान स्थल तथा मतदान केन्द्र तोक्ने विषयमा निर्णयसहित कार्यालयमार्फत् जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिमा पठाउने व्यवस्था गर्ने र सोको जानकारी सम्बन्धित गाउँ वा नगर कार्यपालिकालाई गराउने,

(घ) आयोगबाट थप निर्देशन प्राप्त भएमा सो बमोजिम गर्ने।

(२) दफा ११ को उपदफा (१) को खण्ड (ख) बमोजिमको समितिको सदस्यको जिम्मेवारी देहाय बमोजिम हुनेछ :-

(क) वडा मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिलाई मतदान स्थलको हालको अवस्था लगायत तत्सम्बन्धी अन्य आवश्यक विवरण वा जानकारी उपलब्ध गराउने,

(ख) साविकका वडाभित्रका कुनै मतदानस्थलका भवन, मैदान वा पूर्वाधारमा भूकम्प तथा बाढी पहिरोबाट क्षति भएको भए हालको अवस्था सम्बन्धी विवरण सङ्कलन गरी आवश्यकतानुसार समितिमा पेश गर्ने,

(ग) समितिलाई आवश्यक अन्य सहयोग उपलब्ध गराउने।

(३) दफा ८ को उपदफा (१) को खण्ड (ग) बमोजिमको समितिको सदस्यको जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) मतदान स्थल तथा मतदान केन्द्र तोक्नको लागि प्रस्तावित स्थान लैंगिक तथा समावेशिताका दृष्टिले उपयुक्त छ छैन भन्ने सम्बन्धमा समितिलाई आवश्यक सूचना तथा अन्य जानकारी उपलब्ध गराउने,

(ख) समितिलाई आवश्यक अन्य सहयोग उपलब्ध गराउने।

(२) दफा ११ को उपदफा (१) को खण्ड (घ) बमोजिमको समितिको सदस्य सचिवको जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) वडा मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिका संयोजकसँग परामर्श गरी समितिको बैठक बोलाउने,

(ख) कार्यालयबाट प्राप्त मौजुदा मतदान स्थल तथा मतदान केन्द्रको सूची (मतदाता सङ्ख्यासहित) वडा मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिका सदस्यलाई उपलब्ध गराउने,

(ग) मतदान स्थल तथा मतदान केन्द्र तोक्ने आधार र मापदण्ड तथा अन्य व्यवस्थाका सम्बन्धमा समितिका सदस्यलाई जानकारी गराउने,

(घ) वडास्थित मतदान स्थल तथा मतदान केन्द्रको स्थलगत अध्ययन गर्नु परेमा संयोजकसँग परामर्श गरी आवश्यक व्यवस्था मिलाउने,

(ङ) वडा मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिको बैठकको निर्णय तथा अनुसूची फारामहरू प्रमाणित गरी कार्यालयमार्फत् जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिमा पठाउने,

(च) आयोगको निर्देशन बमोजिम अन्य कार्य गर्ने।

## परिच्छेद-४

## मतदान स्थल तथा मतदान केन्द्र निर्धारण प्रक्रिया

१४. <u>मतदान स्थल सम्बन्धी विवरण उपलब्ध गराउने</u> : आयोग र कार्यालयबाट मतदान स्थल तथा मतदान केन्द्र निर्धारण सम्बन्धमा देहाय बमोजिम विवरण उपलब्ध गराइनेछ :-

(क) आयोगले मौजुदा मतदान स्थल तथा मतदान केन्द्रको सूची, मतदाताको सङ्ख्या र सम्भव भएसम्म भौगोलिक सूचना प्रणालीमा आधारित नक्सासमेत कार्यालयमा उपलब्ध गराउने, साथै, दफा ३ मा उल्लिखित आधार बमोजिम मतदान स्थल तथा मतदान केन्द्र सिफारिस सम्बन्धी कार्य गर्न कार्यालयलाई निर्देशन दिने,

(ख) खण्ड (क) बमोजिमको निर्देशन प्राप्त भएपछि कार्यालयले जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिको बैठकमा छलफल गराई वडा मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिलाई सिफारिस सम्बन्धी कार्य गर्न लेखी पठाउने,

(ग) कार्यालयले जिल्लामा क्रियाशील राजनीतिक दललाई मतदान स्थल तथा मतदान केन्द्र निर्धारणका लागि आवश्यक सहयोग पुऱ्याउन अनुरोध गर्ने र यस्तो अनुरोध पत्रसाथ मौजुदा मतदान स्थल तथा मतदान केन्द्रको सूची संलग्न गरी पठाउने।

१५. <u>वडा र जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिबाट सिफारिस गर्ने</u> : वडा र जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिबाट देहाय बमोजिम सिफारिस गरिनेछ :-

(क) दफा १४ बमोजिम कार्यालयको पत्र प्राप्त भएपछि वडा मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिले वडाभित्रका मतदान स्थल तथा मतदान केन्द्र निर्धारणको लागि जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिमा सिफारिस गरी पठाउनु पर्नेछ। वडा समितिबाट सिफारिस भई आएपछि जिल्ला मतदान स्थल तथा

मतदान केन्द्र सिफारिस समितिले समितिमा छलफल तथा निर्णय गरी आयोगमा सिफारिस गरी पठाउनु पर्नेछ।

(ख) यसरी वडा र जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिले मतदान स्थल तथा मतदान केन्द्र सिफारिस गर्दा साविकमा कायम रहेका मतदान स्थललाई आधार मानी सामान्य त्रुटि मात्र सच्याउनु पर्ने वा नयाँ मतदान स्थल थप्नु पर्ने वा साविकमा रहेका मतदान स्थल हटाउनु पर्ने वा गाभ्नुपर्ने वा एक मतदान स्थलमा रहेका सबै वा आंशिक मतदातालाई अर्को मतदान स्थलमा सार्नुपर्ने लगायतका विषयमा सर्वसम्मत निर्णय गर्नु पर्नेछ।

स्पष्टीकरणः यस खण्डको प्रयोजनको लागि मतदान स्थलको नाम संशोधन वा नयाँ मतदान स्थल थप्नुपर्ने भएमा मतदान स्थल रहने स्थान (जस्तै-आधारभूत विद्यालय वा माध्यमिक विद्यालय, क्याम्पस वा कार्यालय वा संस्था आदि) को पूरा नाम, ठेगाना (गाउँपालिका वा नगरपालिका, वडा नं. र टोल) उल्लेख गर्नु पर्नेछ। साविकदेखि मतदान स्थल रहँदै आएको कुनै स्थानको नाम र ठेगाना कुनै कारणले परिवर्तन भई वा सामुदायिक वा संस्थागत विद्यालयको स्तरोन्नति वा एकीकृत भई वा अन्य कुनै कारणले परिवर्तन भएको भए सोही अनुरूपको नाम र ठेगाना लगायतका विवरण अद्यावधिक गर्नुपर्नेछ।

(ग) खण्ड (ख) बमोजिम साविकमा रहेका मतदान स्थलको नाम र ठेगाना जस्ता सामान्य त्रुटि सच्याउनु पर्दा सामान्य त्रुटि सच्याउनु पर्ने मतदान स्थलको विवरण अनुसूची-२ मा उल्लेख गर्नुपर्नेछ।

(घ) खण्ड (ख) बमोजिम नयाँ मतदान स्थल कायम गर्नु पर्दा नयाँ कायम गर्नुपर्ने मतदान स्थलको विवरण अनुसूची-३ मा उल्लेख गर्नुपर्नेछ।

(ङ) खण्ड (ख) बमोजिम साविकको कुनै मतदान स्थल हटाउनु पर्दा हटाउनुपर्ने मतदान स्थलको विवरण अनुसूची-४ मा उल्लेख गर्नुपर्नेछ।

(च) खण्ड (ख) बमोजिम एक मतदान स्थलमा रहेका सबै वा आंशिक मतदातालाई अर्को मतदान स्थलमा सार्नुपर्ने भएमा सार्नुपर्ने मतदान स्थल तथा मतदाताको विवरण अनुसूची-५ मा उल्लेख गर्नु पर्नेछ।

(छ) खण्ड (च) बमोजिम आंशिक मतदातालाई मात्र एक मतदान स्थलबाट अर्को मतदान स्थलमा सार्नुपर्दा सार्नुपर्ने आंशिक मतदाताको नामावली अनुसूची-६ मा उल्लेख गर्नु पर्नेछ।

(ज) खण्ड (ग), (घ), (ङ), (च) र (छ) बमोजिम संशोधन वा थपघट वा गाभिए पश्चात् अब कायम हुने अन्तिम मतदान स्थल तथा मतदान केन्द्र, मतदान स्थलको भौगोलिक अवस्थिति र दूरीसम्बन्धी विवरण अनुसूची-७ मा उल्लेख गर्नु पर्नेछ।

(झ) वडा मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिले समितिको निर्णयसहित अनुसूची-६ र अनुसूची-७ को प्रमाणित विवरण कार्यालयमार्फत् जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिमा पठाउनु पर्नेछ।

(ञ) वडा मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिबाट सिफारिस प्राप्त भएपछि जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिले मतदान स्थल तथा मतदान केन्द्र निर्धारणको लागि सिफारिस गर्नु पर्नेछ र सिफारिसको निर्णयसहित अनुसूची-६ र अनुसूची-७ को प्रमाणित विवरण कार्यालयमार्फत् आयोगमा पठाउनु पर्नेछ।

(ट) वडा र जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिले साविकमा भौगोलिक सूचना प्रणाली सम्बन्धी विवरण नभएका मतदान स्थल र नयाँ थप भएका मतदान स्थलको अनुसूची-८ बमोजिमको मतदान स्थलको निर्देशाङ्क (कोअर्डिनेट) प्राप्त गर्ने विधि र प्रक्रिया पूरा गरी भौगोलिक सूचना प्रणाली अनुरूपको निर्देशाङ्क (कोओर्डिनेट) सम्बन्धी विवरण प्राप्त गरी अनुसूची-७ मा उल्लेख गर्नु पर्नेछ।

(ठ) जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिको बैठकमा जिल्लाभित्रको कुनै गाउँपालिका वा नगरपालिकाको कुनै मतदान स्थल तथा मतदान केन्द्र सिफारिस गर्ने क्रममा कथंकदाचित सहमति हुन नसकेमा समितिको संयोजकले विवादित विषय खुलाई आफ्नो रायसहित दफा ४ को अधीनमा रही उपयुक्त मतदान स्थल तथा मतदान केन्द्र तोक्नको लागि आयोगलाई सिफारिस गर्नु पर्नेछ।

१६. **<u>मतदान स्थल तथा मतदान केन्द्रको विवरण अद्यावधिक गर्ने</u>:** आयोग र कार्यालयबाट मतदान स्थल तथा मतदान केन्द्रको विवरण देहाय बमोजिम अद्यावधिक गरिनेछ :-

(क) जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिबाट विवरण प्राप्त भएपछि आयोगको डाटावेशमा विवरण एकीकरण तथा अद्यावधिक गरी सम्भव भएसम्म नक्सा सहितको विवरण आयोगमा पेश गर्नु पर्नेछ।

स्पष्टीकरणः यस खण्डको प्रयोजनको लागि एकीकृत विवरण तयार गर्दा प्रत्येक मतदान स्थललाई अलग अलग कोड नम्बर दिनु पर्नेछ।

(ख) खण्ड (क) बमोजिम पेश भएको विवरण आयोगबाट स्वीकृत भएपछि कायम हुने मतदान स्थल तथा मतदान केन्द्रको विवरण सम्भव भएसम्म भौगोलिक सूचना प्रणाली (Geographical Information System–GIS) मा आवद्ध गरी सम्बन्धित कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ।

## परिच्छेद–५
## विविध

१७. **दूरी खुलाउनु पर्ने:** वडा र जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिले सिफारिस गरेका मतदान स्थलदेखि स्थानीय तहको केन्द्रसम्म र स्थानीय तहको केन्द्रदेखि जिल्ला सदरमुकामसम्मको दूरी खुलाई अनुसूची-७ मा समावेश गरी पठाउनु पर्नेछ। यसरी दूरी उल्लेख गर्दा सवारीसाधन चल्ने बाटो भए कि.मी. र पैदल हिँड्नु पर्ने भए कोशमा उल्लेख गर्नु पर्नेछ।

१८. **मतदातालाई मतदान स्थलसँग आवद्ध गर्ने:** वडा र जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिले एउटा वडामा दुई वा दुईभन्दा बढी मतदान स्थल निर्धारण गर्न सिफारिस गर्दा सामान्यतया गाउँवस्ती वा समुदाय वा टोल वा एकै परिवारका मतदाताले एउटै मतदान स्थलबाट मतदान गर्न पाउने गरी मतदातालाई मतदान स्थलसँग आवद्ध गरी पठाउनु पर्नेछ।

१९. **राजनीतिक दलको जिम्मेवारी:** राजनीतिक दलको जिम्मेवारी देहाय बमोजिम हुनेछ :-

(क) मतदान स्थल निर्धारण सम्बन्धमा आयोग, वडा तथा जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिबाट आयोजना गरिएका छलफल कार्यक्रम तथा बैठकमा अनिवार्य रूपमा सहभागी हुने,

(ख) खण्ड (क) बमोजिमको छलफल तथा बैठकमा दलको आधिकारिक धारणा प्रस्तुत गर्ने,

(ग) मतदान स्थल तथा मतदान केन्द्र निर्धारण सम्बन्धी कार्यमा आवश्यकतानुसार आयोग, जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समिति र वडा मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिलाई सहयोग, समन्वय र सहजीकरण गर्ने।

२०. **स्थानीय तहका पदाधिकारीको जिम्मेवारी:** स्थानीय तहका पदाधिकारीको जिम्मेवारी देहाय बमोजिम हुनेछ :-

(क) मतदान स्थल निर्धारण सम्बन्धमा जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिबाट आयोजना गरिएका छलफल कार्यक्रम तथा बैठकमा अनिवार्य रूपमा सहभागी हुने,

(ख) खण्ड (क) बमोजिमको छलफल तथा बैठकमा स्थानीय तहको आधिकारिक धारणा प्रस्तुत गर्ने,

(ग) मतदान स्थल तथा मतदान केन्द्र निर्धारण सम्बन्धी कार्यमा आवश्यकतानुसार वडा र जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समिति र कार्यालयलाई सहयोग, समन्वय र सहजीकरण गर्ने,

(घ) स्थानीय तहभित्र कायम भएका मतदान स्थलमा रहेका संरचनाको संरक्षण एवम् ती स्थलमा खानेपानी, शौचालय, विद्युत, आवतजावतको वैकल्पिक मार्ग, सडक, पुल-पुलेसा,

कम्पाउण्डवाल, तारबार तथा सञ्चार जस्ता सुविधाको आवश्यक व्यवस्था गर्ने तथा सोको लागि सहयोग, समन्वय र सहजीकरण गर्ने,

(ङ) मतदान स्थल तथा मतदान केन्द्रलाई अपाङ्ग, अशक्त तथा लैङ्गिकमैत्री बनाउन आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्ने।

२१.**<u>मतदान स्थल तथा मतदान केन्द्र तोक्ने सम्बन्धी अन्य व्यवस्थाः</u>** (१) आयोगले राष्ट्रपति, उपराष्ट्रपति, राष्ट्रिय सभा सदस्य र जिल्ला समन्वय समितिका पदाधिकारी तथा सदस्यको निर्वाचनका लागि यस कार्यविधि बमोजिम निर्धारण गरिएका मतदान स्थल वा अन्य उपयुक्त स्थानमा मतदान स्थल तोक्न सक्नेछ।

(२) आयोगले मतदाता नामावली ऐन, २०७३ को दफा ३० बमोजिमका मतदाताहरूलाई मतदान गर्नको लागि अस्थायी मतदान केन्द्र तोक्न सक्नेछ। यस्तो मतदान केन्द्र तोक्नु अघि आयोगले आवश्यकतानुसार जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समिति वा सम्बन्धित निर्वाचन अधिकृत वा सम्बन्धित कार्यालयको राय सुझाव लिन सक्नेछ।

२२. **<u>विशेष व्यवस्थाः</u>** (१) कुनै प्राकृतिक विपद् तथा अन्य कारणबाट काबु बाहिरको परिस्थिति सिर्जना भई निर्धारण गरिएको मतदान स्थलमा मतदान कार्य सञ्चालन गर्न नसकिने अवस्था भएमा आयोगले त्यस्तो मतदान स्थल वा मतदान केन्द्रको सट्टा अर्को मतदान स्थल तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम मतदान स्थल तोक्ने प्रयोजनका लागि सम्बन्धित जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिले त्यस्तो विपद् आउन सक्ने सम्भावित क्षेत्रको पहिचान गरी त्यस्तो क्षेत्रमा रहेको मतदान स्थलको सट्टा अर्को मतदान स्थल समेत सिफारिस गरी उक्त वैकल्पिक मतदान स्थलको विवरण अनुसूची-९ बमोजिमको ढाँचामा आयोगमा पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम वैकल्पिक मतदान स्थल समेत सिफारिस भई आएमा आयोगले उक्त मतदान स्थल जुनसुकै समयमा निर्धारण गर्न सक्नेछ।


(४) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मतदान स्थलको नाम र ठेगानामा रहेको त्रुटि सच्याउन, नयाँ मतदान स्थल थप्न, साविकमा रहेका मतदान स्थल हटाउन वा गाभ्न वा एक मतदान स्थलमा रहेका सबै वा आंशिक मतदातालाई अर्को मतदान स्थलमा सार्न कुनै जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिबाट सिफारिस भएका वा सिफारिस नभएका मतदान स्थललाई आयोगले पुनरावलोकन गरी मतदान स्थल तथा मतदान केन्द्र निर्धारण गर्न सक्नेछ।

२३. **<u>कार्यक्रम सञ्चालन</u>** : आयोगले मतदान स्थल तथा मतदान केन्द्रको निर्धारण तथा पुनरावलोकन गर्न आवश्यकतानुसार कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

२४. <u>खारेजी र बचाउः</u> (१) मतदान स्थल तथा मतदान केन्द्र निर्धारण कार्यविधि, २०७७ खारेज गरिएको छ।

(२) मतदान स्थल तथा मतदान केन्द्र निर्धारण कार्यविधि, २०७७ बमोजिम भए गरेका काम कारबाहीहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

अनुसूची -१
(दफा ४ को खण्ड (ञ) सँग सम्बन्धित)
मतदान केन्द्रको नमूना संरचना



अनुसूची -२

(दफा १५ को खण्ड (ग) सँग सम्बन्धित)

वडा/जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समिति

................................... जिल्ला

................................... गाउँपालिका/नगरपालिका

....................... वडा

**सामान्य त्रुटि सच्याउनु पर्ने मतदान स्थलको विवरण**

| क्र.सं. (१) | गाउँपालिका वा नगरपालिकाको नाम (२) | वडा नं. (३) | कोड नं. (४) | त्रुटि सच्याउनु पर्ने मतदान स्थलको नाम र ठेगाना (५) | त्रुटि सच्याएपश्चात कायम हुने मतदान स्थलको नाम र ठेगाना (६) | कैफियत (७) |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

वडा/जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिको मिति ......................... को निर्णय बमोजिम उल्लिखित मतदान स्थल बाहेक अन्य मतदान स्थलको नाम र ठेगाना सच्याउनु नपर्ने भनी प्रमाणित गर्ने :-

................

सदस्य सचिव

अनुसूची -३

(दफा १५ को खण्ड (घ) सँग सम्बन्धित)

वडा/जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समिति

.................................. जिल्ला

.................................. गाउँपालिका/नगरपालिका

...................... वडा

**नयाँ कायम गर्नुपर्ने मतदान स्थलको विवरण**

| क्र.सं. (१) | गाउँपालिका वा नगरपालिकाको नाम (२) | वडा नं. (३) | मतदान स्थलको नाम र ठेगाना (४) | मतदान स्थलमा समावेश हुने मतदाता सङ्ख्या (५) | कायम गर्नुपर्ने मतदान केन्द्र सङ्ख्या (६) | मतदान स्थलको भौगोलिक अवस्थिति निर्देशाङ्क (Coordinates) | | कैफियत (९) |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | अक्षाँश (Latitude) (७) | देशान्तर (Longitude) (८) | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

वडा/जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिको मिति ........................ को निर्णय बमोजिम यस वडा/जिल्लामा उल्लिखित जम्मा ........... वटा मतदान स्थल नयाँ कायम गरिएको छ भनी प्रमाणित गर्ने :-

................

सदस्य सचिव

अनुसूची -४

(दफा १५ को खण्ड (ङ) सँग सम्बन्धित)

वडा/जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समिति

................................... जिल्ला

................................... गाउँपालिका/नगरपालिका

....................... वडा

**हटाउनुपर्ने मतदान स्थलको विवरण**

| क्र. सं. (१) | गाउँपालिका वा नगरपालिका को नाम (२) | वडा नं. (३) | कोड नं. (४) | हटाइएका मतदान स्थलको नाम र ठेगाना (५) | मतदान स्थलको भौगोलिक अवस्थिति निर्देशाङ्क | | मतदानस्थल हटाउनुको कारण (८) | साविकमा कायम मतदाता सङ्ख्या (९) | मतदाता सार्नुपर्ने मतदान स्थलको नाम र ठेगाना (१०) | कैफियत (११) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | अक्षाँश (६) | देशान्तर (७) | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

द्रष्टव्यः साविकको मतदान स्थलमा कायम रहेको मतदातालाई नयाँ मतदान स्थलमा सार्नुपर्ने अवस्थामा महल ११ मा 'नयाँ' उल्लेख गर्नुपर्नेछ।

वडा/जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिको मिति .............................. को निर्णय बमोजिम यस वडा/जिल्लामा साविकमा कायम रहेका मतदान स्थल मध्ये उल्लिखित जम्मा ............ वटा मतदान स्थललाई हटाइएको छ भनी प्रमाणित गर्ने :-

................

सदस्य सचिव

अनुसूची -५

(दफा १५ को खण्ड (च) सँग सम्बन्धित)

वडा/जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समिति

.................................. जिल्ला

.................................. गाउँपालिका/नगरपालिका

...................... वडा

## सार्नुपर्ने मतदान स्थल तथा मतदाताको विवरण

| क्र. सं. (१) | गाउँपालिका वा नगरपालिकाको नाम (२) | वडा नं. (३) | हाल कायम मतदान स्थल | | सारिएका सबै वा आंशिक मतदाता (६) | सार्नुपर्ने मतदाता सङ्ख्या (७) | अब कायम हुने मतदान स्थल | | | कैफियत (११) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कोड नं. (४) | मतदान स्थलको नाम र ठेगाना (५) | | | कोड नं. (८) | मतदान स्थलको नाम र ठेगाना (९) | कायम हुने जम्मा मतदाता सङ्ख्या (१०) | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

द्रष्टव्य: १. कुनै मतदान स्थलमा रहेका सबै मतदातालाई अन्य मतदान स्थलमा सारिएको भए सबै सारिएको र केही मतदातालाई अन्य मतदान स्थलमा सारिएको भए आंशिक सारिएको भनी महल ६ मा उल्लेख गर्ने। तर सबै मतदाता सारिएको भए महल ५ मा उल्लेख भएको मतदान स्थल खारेज हुने भएकोले त्यस्तो मतदान स्थल खारेज गरिएको भनी अनुसूची-४ मा समेत उल्लेख गर्नुपर्नेछ।

२. मतदाता सारिएको मतदान स्थल पुरानै भएमा मात्र महल ८ मा कोड नं. उल्लेख गर्नेपर्नेछ।

३. कुनै मतदान स्थलमा रहेका मतदातामध्ये आंशिक मतदातालाई मात्र अन्य मतदान स्थलमा सारिएको भए सारिएको मतदाताको सूची अनुसूची-६ मा अलग रूपमा भर्नुपर्नेछ। तर सबै मतदाता सारिएको भए अनुसूची-६ भर्नुपर्ने छैन।

वडा/जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिको मिति ............................. को निर्णय बमोजिम उल्लिखित जम्मा ............ वटा मतदान स्थलका जम्मा ........... मतदातालाई साविक मतदान स्थलबाट सारिएको छ। उल्लिखित बाहेक अन्य मतदाताको मतदान स्थल साविक बमोजिम नै कायम गरिएको छ भनी प्रमाणित गर्ने :-

................

सदस्य सचिव

अनुसूची -६

(दफा १५ को खण्ड (छ), (झ) र (ञ) सँग सम्बन्धित)

वडा/जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समिति

................................... जिल्ला

................................... गाउँपालिका/नगरपालिका

....................... वडा

**सार्नुपर्ने आंशिक मतदाताको नामावली**

मतदाताको साविक मतदान स्थलको नाम र कोड नं. ....................................

अब कायम हुने मतदान स्थलको नाम ................................................

सार्नुपर्ने मतदाताको सङ्ख्या .....................................................

| क्र. सं.<br>(१) | मतदाता नम्बर<br>(२) | मतदाताको नाम<br>(३) | आमा/बुबाको नाम<br>(४) |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

वडा/जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिबाट निर्णय भएको मिति .............................

................

सदस्य सचिव

अनुसूची -७

(दफा १५ को खण्ड (ज), (झ), (ञ) र (ट) र दफा १७ सँग सम्बन्धित)

वडा/जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समिति

.................................. जिल्ला

.................................. गाउँपालिका/नगरपालिका

....................... वडा

**अब कायम हुने अन्तिम मतदान स्थल तथा मतदान केन्द्र, मतदान स्थलको भौगोलिक अवस्थिति र दूरीसम्बन्धी विवरण**

| क. सं. (१) | गाउँपालिका वा नगरपालिकाको नाम (२) | गा.पा. वा न.पा. को केन्द्र रहेको वडा नं. (३) | जिल्ला सदरमुकामदेखि गा.पा. वा न.पा. केन्द्रसम्मको दूरी | | अब कायम हुने मतदान स्थल | | | मतदान स्थलको भौगोलिक अवस्थिति निर्देशाङ्क | | गा.पा. वा न.पा. को केन्द्रदेखि मतदान स्थल सम्मको दूरी | | मतदाता सङ्ख्या (१३) | अघिल्लो निर्वाचनमा कायम मतदान केन्द्र सङ्ख्या (१४) | अब कायम हुने मतदान केन्द्र सङ्ख्या (१५) | साविक मतदान स्थलमा संशोधन भएको भए सो सम्बन्धी विवरण (१६) | कैफियत (१७) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | सडक मार्ग (कि.मी.) (४) | पैदल मार्ग (कोस) (५) | वडा नं. (६) | कोड नं. (७) | मतदान स्थलको नाम र ठेगाना (८) | अक्षाँश (९) | देशान्तर (१०) | सडक मार्ग (कि.मी.) (११) | पैदल मार्ग (कोस) (१२) | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |

द्रष्टव्यः १. नयाँ कायम भएको मतदान स्थल भए महल ७ मा कोड नं. को सट्टा 'नयाँ' भनी उल्लेख गर्ने र साविककै मतदान स्थललाई कायम गरिएको भए कोड नं. उल्लेख गर्नुपर्नेछ।

२. अनुसूची-२ बमोजिम त्रुटि सच्याइएको वा अनुसूची-३ बमोजिम नयाँ कायम गरिएको वा अनुसूची-५ र अनुसूची-६ बमोजिम मतदाता सङ्ख्या थपघट भएको भए सो व्यहोरा महल १६ मा उल्लेख गर्नुपर्नेछ।

वडा/जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिको मिति ................................. को निर्णय बमोजिम यस वडा/जिल्लामा उल्लिखित जम्मा ......... वटा मतदान स्थल तथा ......... मतदान केन्द्र कायम गरिएको छ भनी प्रमाणित गर्ने :-

................

सदस्य सचिव

अनुसूची -८

(दफा १५ को खण्ड (ट) सँग सम्बन्धित)

**मतदान स्थलको निर्देशाङ्क (कोअर्डिनेट) प्राप्त गर्ने विधि र प्रक्रिया**

(क) कम्प्युटरको Browser मा गई Google Maps (https://www.google.com/maps) खोल्ने,


(ख) Google Maps लाई आवश्यकता अनुसार Navigate गरी Coordinates लिन चाहेको मतदान स्थल रहेको स्थानमा पुग्ने,

(ग) Coordinates लिन चाहेको मतदान स्थललाई पहिचान गर्नको लागि Google Maps लाई Satellite View मा समेत हेर्ने,

(घ) पहिचान गरिएको मतदान स्थल सुनिश्चित गर्नको लागि मतदान स्थल वरिपरि रहेको बाटो वा अन्य संरचनालाई पनि आधार लिने,

(ङ) मतदान स्थल रहेको स्थान पहिचान भएपछि उक्त स्थानलाई Zoom गर्ने र मतदान स्थल रहेको स्थानमा Mouse Cursor राखी Right Click गर्ने,

(च) Right Click गरेपछि Google Maps मा देहाय बमोजिम देखिनेछ,




(छ) उल्लिखित चित्रमा देखाइए बमोजिम पहिलो लाइनमा रहेको अङ्क सम्बन्धित स्थानमा रहेको मतदान स्थलको अक्षांश र देशान्तर हुनेछ। यसरी प्राप्त अक्षांश र देशान्तर सम्बन्धी विवरण र सम्बन्धित मतदान स्थलको नाम र ठेगाना नोट गरी अनुसूची-७ को महल ९ र १० मा उल्लेख गर्नुपर्नेछ।

अनुसूची -९

(दफा २२ को उपदफा (२) सँग सम्बन्धित)

जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समिति

...................... जिल्ला

**वैकल्पिक मतदान स्थलको विवरण**

| क्र. सं. (१) | गाउँपालिका वा नगरपालिकाको नाम (२) | वडा नं. (३) | जोखिम पहिचान गरिएका मतदान स्थलको विवरण | | | | गा.पा. वा न.पा. केन्द्रदेखि मतदान स्थलसम्मको दूरी | | मतदाता सङ्ख्या (१०) | वैकल्पिक मतदान स्थलको विवरण | | | कैफियत (१४) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कोड नं. (४) | मतदान स्थलको नाम र ठेगाना (५) | मतदान स्थलको भौगोलिक अवस्थिति निर्देशाङ्क (Coordinates) | | सडक मार्ग (कि.मी.) (८) | पैदल मार्ग (कोस) (९) | | मतदान स्थलको नाम र ठेगाना (११) | मतदान स्थलको भौगोलिक अवस्थिति निर्देशाङ्क (Coordinates) | | |
| | | | | | अक्षांश (Latitude) (६) | देशान्तर (Longitude) (७) | | | | | अक्षांश (Latitude) (१२) | देशान्तर (Longitude) (१३) | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिबाट मिति ......................................... मा भएको निर्णय बमोजिम यस जिल्लाभित्र रहेका जम्मा ........... वटा मतदान स्थल जोखिम पहिचान गरी वैकल्पिक मतदान स्थल तोकिएको छ भनी प्रमाणित गर्ने :-

................

सदस्य सचिव